# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

☎: ०७८-५७५०१०
फ्याक्स: ०७८-५७५३९६
इमेल: devchulimunicipality@gmail.com


प.सं. २०७८/०७९
च.नं. ९६२

मिति २०७८/०४/२५

श्री सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु,
देवचुली नगरपालिका, नवलपरासी (ब.सु.पू.) ।

**विषय : विद्यालय सञ्चालन नगर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा कोभिड-१९ को संक्रमण तिव्र रुपमा फैलिरहेको र यसले रुप परिवर्तन सहित बालबालिकाहरुलाई अझ बढी प्रभाव पार्ने गरेको हालको अवस्थामा जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.पू.) तथा देवचुली नगरपालिका नगर शिक्षा समितिबाट समेत विद्यार्थीको भौतिक उपस्थितिमा विद्यालय सञ्चालन नगरी उपयुक्त वैकल्पिक सिकाइ सहजीकरणका माध्यमहरु मार्फत विद्यार्थी सिकाइ/पठनपाठन प्रक्रियालाई अगाडि बढाउने भन्ने निर्देशन विपरित यस नगरपालिका भित्रका कुनै कुनै विद्यालयहरुले विद्यार्थीको भौतिक उपस्थितिमै पठनपाठन गरेको भन्ने जानकारी प्राप्त हुन आएकोले कोभिड नियन्त्रण तथा रोकथामलाई मध्यनजर गरी यस नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरुलाई अर्को सूचना नहुदासम्म विद्यार्थीको भौतिक उपस्थितिमा विद्यालय सञ्चालन नगर्नु नगराउनुहुन सम्बन्धित सबैमा अनुरोध छ । यदि कुनै विद्यालयले उल्लेखित निर्देशन विपरित विद्यालय सञ्चालन गरेको र कोभिड-१९ को संक्रमणबाट विद्यालयमा विद्यार्थीहरु लगायत समुदायलाई असर पर्न गएमा स्वयं विद्यालय नै जिम्मेवार हुनुपर्ने व्यहोरा समेत यसै पत्रद्वारा जानकारी गराइएको छ ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत